संघीय संसद
राष्ट्रिय सभा
चौधौं अधिवेशन
बैठक-८
सूचनापत्र-२
(बैठकको कामकारबाहीको सङ्‌क्षिप्त विवरण)

*बैठक प्रारम्भ : ०१:०१ बजे*
*बैठक स्थगित : ०३:४२ बजे*

२०८० जेठ ९ गते, मङ्गलवार

संघीय संसद, राष्ट्रिय सभाको चौधौं अधिवेशनको आठौं बैठक सम्माननीय अध्यक्ष गणेशप्रसाद तिमिल्सिनाको अध्यक्षतामा अपराह्न ०१:०१ बजे प्रारम्भ भयो।

सर्वप्रथम सम्माननीय अध्यक्षले **"शून्य समय"** मा बोल्नका लागि माननीय सदस्यहरूको नाम प्राप्त भएको जानकारी गराउँनुहुँदै देहायबमोजिमका माननीय सदस्यहरूलाई समय उपलब्ध गराउनुभयो:

**माननीय इन्दिरा देवी गौतम**ले अहिले मनसुन सुरु भएकोले मनसुन सँगै आउने विपदका घटनाको व्यवस्थापन गर्न सुरुवातबाट नै थालनी गर्न सरकारको ध्यानाकर्षण गराउनुभयो।

**माननीय गंगा कुमारी बेलबासे**ले पेट्रोलियम पदार्थ र खाद्यान्नको मूल्य घटेको तर पसलै पिच्छे फरक फरक मूल्य रहेकोले यसको अनुगमन गर्नुपर्ने बताउनुहुँदै राष्ट्रिय सुकुम्वासी आयोगले प्रभावकारी काम गर्नुपर्ने बताउनुभयो।

**माननीय तारामान स्वाँर**ले बैतडी जिल्लाको पुर्चौडी नगरपालिका र सिगास गाउँपालिकामा टेलिफोनको नेटवर्क नभएको प्रति सम्बन्धित निकायको ध्यानाकर्षण गराउनुभयो।

**माननीय तुलसा कुमारी दाहाल**ले विकास समिति ऐन २०१३ टंक प्रसाद आचार्यको पालामा बनेको र यसको आधारमा १६८ वटा गठन आदेश जारी भएका र गठन आदेशको आधारमा कार्यविधि र नियमावली पनि बन्ने परिपाटी रहेको बताउनुभयो। उक्त गठन आदेश आफैं प्रत्यायोजित विधायन भएकोले यसको आधारमा कार्यविधि र नियमावली बन्ने प्रचलनले संसदको अधिकार क्षेत्रलाई ओझेलमा पारेको बताउनुभयो।

**माननीय माया प्रसाद शर्मा**ले कर्णाली प्रदेशमा गाईवस्तुमा अनौठो खालको रोग देखिएको बताउनुहुँदै कर्णाली प्रदेश अस्पतालको उचित व्यस्थापनका लागि सरकारको ध्यानाकर्षण गराउनुभयो।

**माननीय बिमला घिमिरे**ले कपिलबस्तुका उखु किसानहरूलाई महालक्ष्मी सुगर मिलका सञ्चालक वीरेन्द्र कनौडियाले किसानहरूलाई दिनुपर्ने रकम नदिएको र हाल उक्त रकम पाउनुपर्ने माग सहित किसानहरू माइती घर मण्डलामा धर्नामा बसिरहेका बताउनुभयो। किसानहरूको मागको उचित सम्बोधन गरी समस्याको समाधानका लागि कृषि मन्त्री र सरकारको ध्यानाकर्षण गराउनुभयो।

**माननीय शारदा देवी भट्ट**ले भुटानी शरणार्थीको विषयमा प्रभावकारी अनुसन्धान गर्न सरकारको ध्यानाकर्षण गराउनुभयो।

**माननीय सुमित्रा वि.सी.**ले नेपाल सरकारले सामाजिक सुरक्षा ऐनले व्यवस्था गरेको दलित समुदायका बालबालिकाका लागि खाजा भत्ता ७७ वटै जिल्लामा लागु गर्न सरकार समक्ष माग गर्नुभयो।

तत्पश्चात्, सम्माननीय अध्यक्षले **"शून्य समय"**मा माननीय सदस्यहरूले बोल्ने क्रम समाप्त भएको जानकारी गराउनुहुँदै सम्माननीय राष्ट्रपतिबाट सम्वत् २०८० जेठ ५ गते शुक्रवारका दिन संघीय संसदको दुवै सदनको संयुक्त बैठकमा गर्नुभएको सम्बोधनमा उल्लिखित आर्थिक वर्ष २०८०/०८१ का लागि नेपाल सरकारको नीति तथा कार्यक्रममाथिको छलफलको क्रम जारी रहेको जानकारी गराउनुहुँदै देहायबमोजिमका माननीय सदस्यहरूलाई छलफलमा भाग लिनका लागि समय उपलब्ध गराउनुभयो:

१. मा. जग प्रसाद शर्मा
२. मा. भैरव सुन्दर श्रेष्ठ
३. मा. रमेश जंग रायमाझी
४. मा. सिंग बहादुर विश्वकर्मा
५. मा. प्रमिला कुमारी
६. मा. तुल प्रसाद विश्वकर्मा
७. मा. रामचन्द्र राई
८. मा. मदन कुमारी शाह (गरिमा)
९. मा. शेखर कुमार सिंह
१०. मा. अनिता देवकोटा
११. मा. गंगा कुमारी बेलबासे

त्यसपछि, सम्माननीय अध्यक्षले सम्माननीय राष्ट्रपतिबाट सम्वत् २०८० साल जेठ ५ गते शुक्रवारका दिन संघीय संसदको दुवै सदनको संयुक्त बैठकमा गर्नुभएको सम्बोधनमा उल्लिखित आर्थिक वर्ष २०८०/८१ का लागि नेपाल सरकारको नीति तथा कार्यक्रममाथिको छलफलमा माननीय सदस्यहरूले बोल्ने क्रम समाप्त भएको जानकारी गराउनुहुँदै सम्माननीय प्रधानमन्त्री पुष्पकमल दाहाल "प्रचण्ड" लाई छलफलमा उठेका विषयहरूको जवाफ दिनका लागि समय उपलब्ध गराउनुभयो। त्यसपछि सम्माननीय प्रधानमन्त्रीले छलफलमा उठेका विषयहरूको सभा समक्ष जवाफ दिनुभयो।

तदुपरान्त, सम्माननीय अध्यक्षले सम्माननीय प्रधानमन्त्रीले सभामा दिनुभएको जवाफको सम्बन्धमा स्पष्टिकरण माग गर्न चाहने माननीय सदस्यहरूलाई समय उपलब्ध गराउनुभयो। साथै उल्लिखित नेपाल सरकारको नीति तथा कार्यक्रम माथिको छलफलमा भाग लिनु भएका माननीय सदस्यहरूले मात्र स्पष्टीकरण माग गर्न सक्नु हुने व्यहोरा जानकारी गराउनुभयो।

त्यसपछि, देहाय बमोजिमका माननीय सदस्यहरूले सम्माननीय प्रधानमन्त्री पुष्पकमल दाहाल "प्रचण्ड" ले सभामा दिनु भएको जवाफका सम्बन्धमा स्पष्टीकरण माग गर्नुभयो:

१. मा. खिमलाल देवकोटा
२. मा. दिल कुमारी रावल थापा (पार्वती)
३. मा. तुलसा कुमारी दाहाल
४. मा. बिमला घिमिरे
५. मा. कमला पन्त
६. मा. जितेन्द्र नारायण देव
७. मा. भगवती न्यौपाने
८. मा. बामदेव गौतम
९. मा. प्रकाश पन्थ
१०. मा. अनिता देवकोटा
११. मा. तुल प्रसाद विश्वकर्मा
१२. मा. राजेन्द्र लक्ष्मी गैरे
१३. मा. भैरव सुन्दर श्रेष्ठ
१४. मा. भुवन बहादुर सुनार
१५. मा. सिंग बहादुर विश्वकर्मा
१६. मा. रमेश जंग रायमाझी
१७. मा. नर बहादुर विष्ट
१८. मा. नारायण दत्त मिश्र
१९. मा. सुरेश कुमार आले मगर

तत्पश्चात्, त्यसपछि सम्माननीय अध्यक्षले सम्माननीय प्रधानमन्त्री पुष्पकमल दाहाल "प्रचण्ड" लाई माननीय सदस्यहरूले उठाउनु भएका जिज्ञासाका सम्बन्धमा स्पष्ट पार्न समय उपलब्ध गराउनुहुँदा सम्माननीय प्रधानमन्त्रीले माननीय सदस्यहरूले उठाउनु भएका जिज्ञासाका सम्बन्धमा जवाफ दिनुभयो।

त्यसपछि, सम्मानीय अध्यक्षले आर्थिक वर्ष २०८०/८१ को लागि नेपाल सरकारको नीति तथा कार्यक्रममाथि पेस भएका संशोधन प्रस्तावहरूलाई निर्णयार्थ प्रस्तुत गर्नुभयो ।

तत्पश्चात्, सम्माननीय अध्यक्षले संशोधनकर्ता माननीय तुलसा कुमारी दाहाल, माननीय विमला घिमिरे र माननीय विमला राई पौड्यालको तर्फबाट माननीय भगवती न्यौपानेलाई संशोधन फिर्ता लिन चाहेमा फिर्ता लिन क्रमशः समय उपलब्ध गराउनुहुँदा माननीय सदस्यले संशोधन प्रस्ताव फिर्ता लिन चाहनुभएन ।

त्यसपछि, सम्माननीय अध्यक्षले संशोधनकर्ता माननीय तुलसा कुमारी दाहाल, माननीय विमला घिमिरे र माननीय विमला राई पौड्यालको तर्फबाट माननीय भगवती न्यौपानेले आफ्नो संशोधन प्रस्ताव फिर्ता लिन नचाहनु भएकोले उक्त संशोधन प्रस्तावलाई क्रमशः निर्णयार्थ प्रस्तुत गर्नुहुँदा आर्थिक वर्ष २०८०/८१ को लागि नेपाल सरकारको नीति तथा कार्यक्रम माथि माननीयहरूले पेस गर्नु भएको संशोधन प्रस्ताव सभाको बहुमतले **“अस्वीकृत”** भयो।

त्यसपछि, सम्माननीय अध्यक्षले सम्माननीय राष्ट्रपतिबाट सम्वत् २०८० जेठ ५ गते बुधवारका दिन संघीय संसदको दुवै सदनको संयुक्त बैठकमा प्रस्तुत गर्नु भएको सम्बोधनमा उल्लेखित आर्थिक वर्ष २०८०/८१ को लागि नेपाल सरकारको नीति तथा कार्यक्रमलाई निर्णयार्थ प्रस्तुत गर्नुहुँदा उक्त प्रस्ताव सभाबाट बहुमतले पारित भयो।

तदनन्तर, राष्ट्रिय सभाको अर्को बैठक **२०८० साल जेठ १४ गते आइतवार अपराह्न १ बजेर १ मिनेटमा** बस्ने गरी बैठक स्थगित भएको घोषणा गर्नुभयो।

(डा. भरतराज गौतम)

संघीय संसदको महासचिव